०८८/६९

च.नं.:- ९६५

# उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## उर्लाबारी, मोरङ

*विषयः आय ठेक्का बन्दोबस्तको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना*

(प्रथम पटक प्रकाशित मिति २०७८/०६/२५)

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम आ.व. २०७८/०७९ मा यस उर्लाबारी नगरपालिकाको लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षक अनुसारको ठेक्का बन्दोबस्त गरी ठेक्काबाट उठाउने निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म/व्यक्तिहरुले ठेक्का लिन चाहेमा तपशिलको शर्त बन्देजमा रही गोप्य शिलबन्दी दरभाउपत्र उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङमा दाखिला गर्न हुन सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ठेक्काको विवरणः**

| सि नं. | ठे.नं. | ठेक्काको प्रकार | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (वार्षिक) | धरौटि रकम | दरभाउ पत्र फाराम दस्तुर | दरभाउ पत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउ पत्र फाराम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र फाराम खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रा/०५/ ०७८/०७९ | बहाल बिटौरी शूल्क | साप्ताहिक कृषि तथा पशु हाटबजार, उर्लाबारी-३ | १०,५०,०००। (भ्याट सहित) | ५२५००। | १,००० | सूचना प्रकासित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म । | सूचना प्रकासित भएको मितिले १६ औं दिनमा १२ बजे सम्म | सूचना प्रकासित भएको मितिले १६ औं दिनमा २ बजे | |
| २ | रा/०६/ ०७८/०७९ | बहाल बिटौरी शूल्क | साप्ताहिक शुक्रबारे हाटबजार, उर्लाबारी-५ र ६ | २,२५,०००। | ११२५०। | १,००० | | | | |
| ३ | रा/०७/ ०७८/०७९ | बहाल बिटौरी शूल्क | साप्ताहिक शनिश्चरे हाटबजार, उर्लाबारी-३ | १,००,०००। | ५०००। | १,००० | | | | |
| ४ | रा/०८/ ०७८/०७९ | बहाल बिटौरी शूल्क | साप्ताहिक शनिवारे हाटबजार, उर्लाबारी-८ र ९ | २५,०००। | १२५०। | १,००० | | | | |

**नोटः**

१) अन्य विस्तृत जानकारी र शर्तहरुका सम्बन्धमा यस न.पा. कार्यालयको सूचना पाटि, नगरपालिकाको बेबसाईट **www.urlabarimun.gov.np** मा वा कार्यालय समयमा न.पा. को राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरुः**

१. उल्लेखित ठेक्का २०७८ कार्तिक महिना देखि २०७९ असार मसान्त सम्मका लागि लागू हुनेछ।

२. उल्लेखित आय ठेक्काको दरभाउ पत्र फाराम माथि उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

३. दरभाउ पत्र दाताले खामको वाहिर ठेक्काको विवरण, उर्लावारी नगर कार्यपालिका कार्यालय, मोरङ भनी प्रष्ट बुझिने गरी उल्लेख गरी छुट्टा-छुट्टै पेश गर्नु पर्नेछ।

४. उल्लेखित ठेक्का लिने ब्यक्ति/फर्मले मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र अनिवार्य पेश गरेको हुनु पर्नेछ साथै उल्लेखित दरभाउ पत्रहरु फर्मको नाममा खरिद गरिएको भए शिलवन्दी दरभाउपत्र फाराम साथ फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ताको प्रतिलिपि, आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थानीय फर्मको हकमा न.पा.मा दर्ता भएको व्यवसाय कर प्रमाणपत्र नवीकरणको प्रतिलिपि समेत संलग्न हुनु पर्नेछ।

५. दरभाउ पत्र फाराम खरिद गरेको मिति देखि वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२:०० बजेसम्म शिलबन्दी वोलपत्र फाराम दर्ता गर्न सकिने छ। पर्न आएका शिलवन्दी वोलपत्रहरु वोलपत्र दर्ता हुने अन्तिम दिनको १२:०० बजे कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि उल्लेखित आय ठेक्काको शिलबन्दी वोलपत्रहरु खोल्न बाधा पर्ने छैन।

६. दरभाउ पत्र दर्ता गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदा सकिएको भोलिपल्ट कार्यालय खुलेपछि वोलपत्र दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

७. दरभाउ पत्र दाखिला गर्दा आफुले कबोल गरेको आय ठेक्का अंकको न्यूनतम ५% रकम धरौटी वापत उर्लावारी नगरपालिकाको नाममा रहेको कृषि विकास बैंक उर्लावारीको धरौटी हि.नं. **ग-३ स्थानीय तह धरौटी खाता ०६०१७०११५०५९५०२४** मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

८. कबोल रकम अंक र अक्षरमा प्रष्ट संग उल्लेख गरेको हुने पर्नेछ। अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। अंक र अक्षरलाई पुनः लेखन गर्नु पर्ने भएमा काटेको स्थानमा दरभाउपत्रदाताको अनिवार्य हस्ताक्षर हुनुपर्नेछ।

९. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५०%, दोस्रो किस्ता ३०% अन्तिम किस्ता २०% गरी विभाजन गरिनेछ। यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाको बखतमा, दोस्रो किस्ता २०७८ पौष मसान्त भित्र र अन्तिम किस्ता २०७८ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ। दोस्रो र अन्तिम किस्ताको रकमको हकमा २०७९ असार मसान्तसम्म अवधि रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। सम्झौता गर्दाकै समयमा एकमुष्ठ रुपमा रकम बुझाउन चाहेमा कवोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ।

१०. दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिनभित्र कबुलियत, संम्झौता गरी पट्टापुर्जी (ईजाजत पत्र) नलिएमा ठेकेदारले राखेको धरौटी जफत गरिने छ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ।

११. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल वापतको रकम ठेकेदार पक्षवाट सम्वन्धित कार्यालयमा ठेक्का सम्झौता गर्नु अगावै बुझाउनु पर्ने छ। किस्तामा रकम बुझाउनेको हकमा प्रत्येक किस्ता वापतको कर रकम, किस्ता रकम बुझाउनु भन्दा अगाडीनै सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

१२. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकी दिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। प्रमाणित बाहेकका रसिदबाट कर उठाईएको उजुरी या जानकारी प्राप्त भएमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप रकम जरीवाना गरिनेछ।

१३. बन्द, हड्ताल जस्ता मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुने छैन र कुनै पनि अभाव, प्रभाव र दबाब दिन वा गर्न पाइनेछैन।

१४. एक ब्यक्ति, फर्म वा कम्पनीको नाममा खरिद गरेको दरभाउ पत्र फर्म अर्को ब्यक्ति, फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन।

१५. रित नपुगेको र म्याद नाघि आएको दरभाउ पत्र माथि कुनै कार्यवाही गरिने छैन।

१६. कुनै शर्त सहितको दरभाउ पत्र स्वीकार्य हुने छैन।

१७. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुने छ।

१८. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

१९. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

२०. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**नोटः-** अन्य विस्तृत जानकारीका लागि यस न.पा. कार्यालयको सूचना पाटी, नगरपालिकाको बेबसाईट **www.urlabarimun.gov.np** मा वा कार्यालय समयमा न.पा.को राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

२०७८।६।२८

नि. प्रमुख प्रशासकीय अधिकृत